बैठक नं. १९/२०८१/०८२

आज मिति २०८२ असार ९ गते सोमबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | ४ नं. वडा अध्यक्ष | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | ५ नं. वडा अध्यक्ष | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | सिता विक |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | चस्मीता |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | प्र.प्र.अ. | ९८५२८२००३६ | |

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

बैठक नं. १९/२०८१/०८२

प्रस्ताव तथा निर्णयहरु

| सि.नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | वजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा | यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार पारेको आर्थिक वर्ष २०८२/८३ वार्षिक वजेट पारित गरी १६ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो । |
| २ | विद्येयक पारिक गरी सभामा पेश गर्ने सम्बन्धमा | १) महाकुलुङ गाउँपालिकाको विनियोजन विद्येयक, २०८२<br>२) महाकुलुङ गाँउपालिकाको आर्थिक विद्येयक, २०८२<br>३) महाकुलुङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि विद्येयक, २०८२ |
| ३ | करार सेवाका कर्मचारीको करार अवधी थप गर्ने सम्बन्धमा । | यस गाउँपालिकामा कार्यरत स्वास्थ्य तथा प्रशासन तर्फका कर्मचारीहरु मध्ये कर्मचारीहरुलाई सेवा नवीकरण गर्ने तथा देहायका कर्मचारीहरुको करार नवीकरण आगामी असार मसान्तपछि निरन्तरता नदिने निर्णय गरियो ।<br>देहायः<br>क) महेश महरा — अमिन<br>ख) विनोद लिम्बु — हलुका सवारी चालक<br>ग) रोसन साह — रेडियो ग्राफर<br>घ) रोजगार शाखाका सहायक कर्मचारीहरु — २ जना |
| ४ | कर्मचारीहरुलाई सरुवा भई जानको लागि सहमती प्रदान गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुले यस गाउँपालिकाबाट सरुवा भई अन्यत्र जानको लागि सहमती माग्नु भएकोले देहायका कर्मचारीलाई दफा २४ को उपदफा (४) अनुसार सरुवा भई जानको लागि सहमती दिने दिने निर्णय गरियो ।<br>क) गीता कुमारी यादव — सब ईन्जिनियर<br>ख) टोप बहादुर वली — ना.प्रा.स.<br>ग) प्रदिप प्रधान — सहायक ~~चौथो~~ पाँचौं |
| ५ | गाउँसभा लाइभ प्रशारण गर्ने सम्बन्धमा । | यस २०८२ असार १० गतेको गाउँसभा गाउँपालिका सँग साझेदारी कार्यक्रम संचालन गरेका कानूनसम्मत दर्तावाला मिडियाबाट प्रत्यक्ष प्रशारण गर्ने निर्णय गरियो । |
| ६ | सेवा करारका शिक्षकको म्याद थप गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदानका शिक्षकहरुको करार नवीकरण गरी सबै शिक्षकलाई निरन्तरता दिने निर्णय गरियो । |

बैठक नं. १२/२०८१/०८२

| | | |
|---|---|---|
| ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धमा । | आर्थिक वर्ष २०८१।०८२ मा महाकुलुङ गाउँपालिकामा सङ्घीय सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भई आएको क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको उपक्रियाकलाप ९.२ मा तोकिएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान तर्फ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/०८२ मा उल्लेख भएनुसार सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अंक साथै शैक्षिक सत्र २०८२ मा अध्यावधिक हुनुपर्ने विद्यालय सुधार योजना, विद्यालयको वार्षिक कार्यतालिका, शैक्षिक सत्र २०८१ को कक्षागत औसत सिकाइ उपलब्धि ९अध्यावधिक०, शिक्षकहरुको कार्यविभाजन जस्ता अद्यावधिक हुनुपर्ने विवरणको अंकन तथा शैक्षिक सत्र २०८१ को आधारभूत तह कक्षा ८ को उत्तीर्ण प्रतिशत जस्ता सूचकका आधारमा तपसिलको विद्यालयलाई उक्त अनुदान उपलब्ध गराउने निर्णय गरियो:<br>तपसिल:<br>१. श्री सगरमाथा माध्यमिक विद्यालय, महाकुलुङ गाउँपालिका (१ रु. ३ लाख प्राप्त अंक ७८ र आधारभूत तह कक्षा ८ को उत्तीर्ण प्रतिशत ७०.९१ मावि तर्फ सबैभन्दा बढी)<br>२. श्री पेल्माङ आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका (२ रु. २ लाख (प्राप्त अंक र ८१ आधारभूत तह कक्षा ८ को उत्तीर्ण प्रतिशत १०० आवि तर्फ सबैभन्दा बढी) |
| ८ | कक्षा थप अनुमति सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. १ मा अवस्थित श्री सगरमाथा माद्यमिक विद्यालयमा शैक्षिक सत्र २०७९ देखि कक्षा ९ मा प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिङको कक्षा सञ्चालन भई आएकोमा विद्यालयको प. सं. २०८१/०८२, च. नं.१८३, मिति २०८२/०३/०८ गतेको पत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/२२ गतेको निर्णय सहित प्राविधिक धार सिभिल इन्जिनियरिङ तर्फ कक्षा १२ मा कक्षा थपका लागि अनुमति माग निवेदन दिइएको हुदाँ शैक्षिक सत्र २०८२ देखि लागू हुने गरी प्राविधिक धार तर्फ सिभिल इन्जिनियरिङको कक्षा थप गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो । |
| ९ | कन्टेन्जेन्सी रकम खर्च गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको चालु आर्थिक वर्षको खर्चबाट प्राप्त हुने कन्टेन्जेन्सी रकमध्येबाट प्रत्येक वडालाई २ लाख रुपैयाँको दरले वडाबाट निर्धारित कार्य र योजनामा खर्च गर्ने तथा वडा नं. ४ को हकमा प्राविधिक ल.ई. वमोजिम/२ लाख ४३ हजार रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| १० | स्वास्थ्य शाखा अन्तर्गत प्राप्त प्रस्ताव तथा निर्णयहरु | क) महाकुलुङ आधारभूत अस्पतालमा अपरेसन (शल्यक्रिया) सेवा सुचारु गर्नको लागि अनुमति दिने निर्णय गरियो ।<br>ख) महाकुलुङ आधारभूत अस्पतालमा पोष्टमार्टम गृह संचालनको लागि अनुमती दिने निर्णय गरियो ।<br>ग) निर्णहय नं. क) र ख) को अनुमतिका आधारमा संचालित कार्यको अनुगमणको लागि स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखालाई आवश्यक समन्वयको लागि अनुरोध गर्ने निर्णय गरियो ।<br>घ) गुदेल स्वास्थ्य चौकी, गुदेलमा एक्सन फर नेपालको प्राविधिक सहयोगमा टेलिमेडिसिन सहितको ल्याव सेवा संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो । |
| ११ | सामुदायिक स्वास्थ्य सेवा इकाई थप गरी संचालन गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. १ को पात्ले र महाकुलुङ गाउँपालिका वडा नं. ५ चाचालुङमा आगामी आर्थिक वर्ष २०८२ /८३ बाट सामुदायिक स्वास्थ्य सेवा इकाई स्थापना गरी संचालन गर्ने निर्णय गरियो । |
| १२ | मालपोत सेवा विस्तार सम्बन्धमा | महाकुलुङ गाउँपालिका र सोताङ गाउँपालिकाको पायक पर्ने स्थानमा हुने गरी मालपोत कार्यालय स्थापना गर्नको लागि र जिल्ला मालपोत कार्यालय, सोलुखुम्बुको मिति २०८२।०३।०४ को पत्रानुसार उक्त स्थापना हुने मालपोत कार्यालयको कार्यक्षेत्रमा महाकुलुङ गाउँपालिकाको पाँच वटै वडा (साविकको बुङ गाविसको सम्पूर्ण वडा, छेस्काम गाविसको सम्पूर्ण वडा तथा गुदेल गाविसको १ देखि ७ सम्मको वडाहरु) लाई पनि तोक्नको लागि निर्णय गरी अनुरोध गरी पठाउने निर्णय गरियो । |
| १२ | शैक्षिक सत्र २०८२ का लागि सामुदायिक विद्यालयका शिक्षकहरुको दरवन्दी स्वीकृत सम्बन्धमा । | महाकुलुङ गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षा विकास तथा समन्वय इकाइ तथा नियमानुसार प्राविधिक धार सञ्चालित विद्यालय तथा गाउँपालिका अनुदानका शिक्षकहरुको तपसिल बमोजिमको दरबन्दी रहने गरी दरबन्दी कायम गरियो । |
| १३ | कर्मचारीहरुलाई सरुवा भई जानको लागि सहमती प्रदान गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुले यस गाउँपालिकावाट सरुवा भई अन्यत्र जानको लागि घरायसी समस्या परेको भनी सहमती माग्नु भएकोले देहायका कर्मचारीलाई दफा २४ को उपदफा (४) अनुसार सरुवा भई जानको लागि सहमती दिने दिने निर्णय गरियो ।<br>१) नामः लक्ष्मी बस्नेत<br>पदः अहेब<br>सेवा समूहः हेई<br>नियुक्ति मितिः २०८०।१२।२७ |

महाकुलुङ गाउँपालिकाको भित्र रहेका सामुदायिक विद्यालयको शिक्षकहरूको स्वीकृत दरबन्दी विवरण शैक्षिक सत्र २०८२

| क्र. सं. | विद्यालयको नाम, ठेगाना | मौज्दात शिक्षक आधारभूत तह १-५ | | | | मौज्दात शिक्षक आधारभूत तह ६-८ | | | | | मौज्दात शिक्षक माध्यमिक तह ९-१० | | | | | | प्राविधिक धार माध्यमिक तह ११-१२ | बाल सहयोगी शिक्षक | कास | लेखापाल | गाउँपालिका अनुदानका | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | जम्मा | स्थायी | अस्थायी | राहत | शिक्षण सहयोग अनुदान | जम्मा | स्थायी | अस्थायी | राहत | प्राविधिक धार ९-१० सहायक प्रशिक्षक/प्रशिक्षक | | जम्मा | | | | | प्रावि तह श्रेणी विहिन शिक्षक | माध्यमिक तह माशितृ सोसरह | |
| १ | श्री सगरमाथा मावि महाकुलुङ-१ | ५ | ० | ० | ५ | ३ | ० | ० | | ३ | १ | १ | ३ | २ | २ | ९ | ४ | २ | १ | १ | ३ | १ | |
| २ | श्री पात्ले आवि महाकुलुङ १ | ३ | ० | ० | ३ | ० | ० | ० | १ | १ | ० | ० | ० | | | ० | | १ | १ | | ३ | | |
| ३ | श्री जनसुधार आवि महाकुलुङ १ | ४ | ० | ० | ४ | ० | ० | २ | | २ | ० | ० | ० | | | ० | | १ | १ | | ३ | | |
| ४ | श्री पेल्माङ आवि महाकुलुङ २ | ४ | ० | २ | ६ | ० | ० | ० | १ | १ | ० | ० | ० | | | ० | | २ | १ | | २ | | |
| ५ | श्री चोमोलुङ्मा आवि महाकुलुङ २ | ० | ० | १ | १ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | ० | १ | | ४ | | |
| ६ | श्री खिरौले आवि महाकुलुङ १ | ० | २ | १ | ३ | ० | ० | ० | १ | १ | ० | ० | ० | | | ० | | १ | १ | | १ | | |
| ७ | श्री छेस्काम मावि महाकुलुङ ३ | ६ | १ | ० | ७ | ३ | ० | ० | | ३ | १ | ० | ३ | | | ४ | ० | २ | १ | १ | २ | ४ | |
| ८ | श्री रत्नप्रगतिशील आवि महाकुलुङ ३ | १ | १ | ० | २ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | १ | १ | | २ | | |
| ९ | श्री जनसुधार आवि महाकुलुङ ३ | २ | ० | १ | ३ | ० | ० | ० | १ | १ | ० | ० | ० | | | ० | | १ | १ | | ३ | | |
| १० | श्री देनाम आवि महाकुलुङ ३ | १ | ० | १ | २ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | १ | १ | | २ | | |
| ११ | श्री महाकुलुङ आवि महाकुलुङ ३ | १ | ० | २ | ३ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | १ | १ | | १ | | |
| १२ | श्री छेस्काम आवि महाकुलुङ ३ | २ | ० | ० | २ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | १ | १ | | ० | | |
| १३ | श्री घ्याङ्खर्क आवि महाकुलुङ ५ | ० | ० | १ | १ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | १ | १ | | १ | | |
| १४ | श्री अमरज्योति आवि महाकुलुङ ५ | ६ | ० | १ | ७ | ० | ० | ० | १ | १ | ० | ० | ० | | | ० | | १ | १ | | १ | | |
| १५ | श्री युवा आवि महाकुलुङ ५ | १ | ० | ० | १ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | ० | १ | | ० | | |
| १६ | श्री गुदेल मावि महाकुलुङ ४ | ६ | ० | ० | ६ | ३ | ० | १ | | ४ | १ | ० | ३ | | | ४ | ० | २ | १ | १ | ० | ३ | |
| १७ | श्री बासुकी आवि महाकुलुङ ४ | ४ | ० | १ | ५ | ० | ० | ० | १ | १ | ० | ० | ० | | | ० | | १ | १ | | ३ | | |
| १८ | श्री शहिद स्मृति आवि महाकुलुङ ४ | १ | ० | ० | १ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | १ | ० | | १ | | |
| १९ | श्री हिमचुली आवि महाकुलुङ १ | १ | ० | ० | १ | ० | ० | ० | | ० | ० | ० | ० | | | ० | | ० | १ | | २ | | |
| | जम्मा | ४८ | ४ | ११ | ६३ | ९ | ० | ३ | ६ | १८ | ३ | १ | ९ | | | १३ | ४ | २० | १८ | ३ | ३४ | ८ | |
| | कुल जम्मा | ५२ | | ११ | ६३ | ९ | | ३ | ६ | १८ | ४ | | ९ | | | १३ | | २० | १८ | ३ | ४२ | | |
| | जिल्लाबाट वितरण भएको दरबन्दी सङ्ख्या | ५२ | | ११ | ६३ | ९ | | ३ | | १२ | ४ | | ९ | | | १३ | | २० | १८ | ३ | | | |

प्राविधिक धार सिभिल इन्जिनियर सञ्चालन भएको सगरमाथा माध्यमिक विद्यालयका लागि मावि कक्षा ९-१० सञ्चालनका लागि माशि तृतीय सोसरहको प्रशिक्षक २ जना, निमावि तृतीय सोसरहको सहायक प्रशिक्षक २ जना, कक्षा १२ सञ्चालनको लागि माशि द्वितीय श्रेणी सोसरहको २ जना प्रशिक्षक र २ जना विज्ञान शिक्षक/प्रशिक्षक गरी प्राविधिक धार सञ्चालनको लागि नियमानुसार १० जना दरबन्दी कायम गरिएको ।